“रैथाने बाली र अर्गानिक कृषिजन्य वस्तुको प्रवर्द्धन गर्ने हाम्रो अभियान- स्याउ, ओखर सिमी, मह, आलु र रैथाने बाली हुम्ला जिल्लाको पहिचान”

## कर्णाली प्रदेश, कृषि विकास कार्यालय हुम्लाको

# वार्षिक कृषि कार्यक्रम प्रगति बुलेटिन

वर्षः १ अङ्कः १ आ.व. २०७७/७८ कृषि मुलश्च जिवनमम्






कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
सिमकोट, हुम्ला
फोन नं.: ०८९६८००११
**Email:** adohumla1@gmail.com
**Website:** adohumla.gov.np

## यस भित्र...

कार्यालयको परिचय
कृषि विकास कार्यालय हुम्लामा कार्यरत जनशक्ति विवरण
हुम्ला जिल्लाको गाउँपालिका अध्यक्षहरको विवरण
हुम्ला जिल्लाको पालिकामा कार्यरत कृषि प्राबिधिकहरुको विवरण
हुम्ला जिल्लामा रहेका महत्वपुर्ण कार्यालय तथा संघसंस्थाहरुको विवरण
हुम्ला जिल्ला समन्वय समितिको पदाधिकारीको विवरण
आ.व. ०७७/०७८ मा कार्यालयको वार्षिक कार्यक्रम प्रगतिको संक्षित विवरण
वार्षिक प्रमुख कार्यक्रमको मुख्य उपलब्धिहरु
सिमकोट बजारमा कृषि जन्य उत्पादन र खाध्यवस्तुको बजार मूल्य विवरण
कृषकको सफलताको कथा
आ.व. ०७७/०७८ मा सञ्चालित कार्यक्रमहरूको केही झलकहरू
हिमाली क्षेत्रमा तरकारी बालीपात्रो र खेतिप्रविधि

# कार्यालयको परिचय



*कार्यालय परिसरमा गार्डेन नक्सांकन*

कृषि क्षेत्र विकासको लागि नेपाल सरकारको घोषित कृषि नीतिलाई कार्यान्वयनमा ल्याउन र हावापानी सुहाउदो खाद्यान्न, दलहन, तेलहन, नगदे र तरकारी जस्ता वाली हरुको उन्नत खेति प्रबिधि कृषक सम्म प्रचार प्रसार तथा सेवा पुर्याउन प्रमुख निकायको रुपमा देशका अन्य विभिन्न जिल्लाहरुमा जस्तै एस हुम्ला जिल्लामा पनि २०३६ सालमा आएर जिल्ला कृषि विकास कार्यालय हुम्लाको स्थापना भयो । जिल्ला कृषि विकास कार्यालय स्थापना भए देखि कार्यालयले कृषि प्रशार शाखा, वागवानी विकास शाखा, वाली संरक्षण शाखा, र योजना शाखा मार्फत कार्यालय वाट र विभिन्न गाउँ विकास समितीमा रहेका ४ वटा कृषि सेवा केन्द्र मार्फत नेपाल सरकारको कृषि नीति अनुरुप विभिन्न कार्यक्रम संचालन गरेको थियो ।

नेपालको संबिधान २०७२ लागु भए संगै देश संघीय संरचनामा परिमार्जन भईसकेपछी २०७५ साल देखि जिल्ला कृषि विकास कार्यालय नाम परिवर्तन भई कृषि ज्ञान केन्द्रको नामाकरण गरियको थियो । पुन वि.सं. २०७६ सालवाट कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास कार्यालय, हुम्ला नामाकरण भई काम अघि बढाएको छ । वर्तमान समयमा कृषि विकास कार्यालयले संघियता कृषि तथा पशुपंछी विकास मन्त्रालय तथा प्रदेश मा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मार्फत कार्यक्रमहरु संचालन गर्दै आएको छ । कृषि विकास कार्यालय हुम्ला मुख्य गरि कृषि सिंचाई निर्माण, रैथाने वाली प्रबर्दन कार्यक्रम, व्यवसायिक फलफुल बगैंचा स्थापना कार्यक्रम, नर्सरी प्रबर्दन कार्यक्रम, अर्गानिक मिसन कार्यक्रम, ब्लक विकास कार्यक्रम, कर्णाली ब्रान्ड निर्माण तथा ढुवानी सहुलियत कार्यक्रम, विभिन्न किसिमका तालिम संचालन लगाएतका अन्य कृषि प्रबिधी प्रसार सम्बन्धि कार्यक्रम हरु गर्दै आएको छ ।

## कार्यालयको दूरदृष्टि, लक्ष्य तथा उदेश्यहरु

### दूरदृष्टि (Vision) :

व्यवसायिक अर्गानिक कृषि र रैथाने बालीको माध्यमबाट स्वच्छ, स्वस्थ्य, पोषणयुक्त खाद्य र बहु उपयोगी कृषि उपजको उत्पादन वृद्धि गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै सम्वृद्ध र सुखी हुम्लावासीको प्रत्याभुति दिने ।

### लक्ष्य (Goal) :

अर्गानिक कृषि प्रणाली र रैथाने बालीको प्रवर्दनको माध्यमबाट कृषि पेशालाइ व्यवसायीक, मर्यादित, वातावरण मैत्री र प्रतिस्पर्धि बनाइ कृषकहरुको आय वृद्धि गर्ने ।

### उल्लेखित लक्ष्य हासिल गर्न निम्न ३ उद्देश्यहरु (Objectives) रहेका छन् ।

१) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने
२) तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धि बनाउने
३) रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरण मैत्री कृषि प्रवर्द्धन गर्ने

## कृषि विकास कार्यालय हुम्लाको संगठन संरचना

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, हुम्ला

**संगठन संरचना**

**कार्यालय प्रमुख**

अधिकृत ७/८ तह/ कृषि/समूहिकृत नहुने
(बरिष्ठतम् अधिकृत मध्येबाट कार्यालय प्रमुख हुने)

**बाली संरक्षण शाखा**
बाली संरक्षण अधिकृत ७/८ तह/कृषि/बाली संरक्षण-१
ना.प्रा.स. ४/५ तह/कृषि/ बाली संरक्षण-१

**योजना शाखा**
प्रा.स. ५/६ तह/कृषि/एग्रो ईको- १

**खाद्य सुरक्षा तथा कृषि प्रसार शाखा**
कृषि प्रसार अधिकृत ७/८ तह/कृ/कृषि प्रसार-१
प्रा स/ कृषि प्रसार/५/६ तह/-१
ना प्रा स ४/५ तह/कृषि/कृषि प्रसार -१

**बागवानी विकास शाखा**
बागवानी विकास अधिकृत ७/८ तह/कृ/बागवानी- १
प्रा स/ अधिकृत ५/६ तह/कृषि बागवानी- १
ना प्रा स ४/५ तह/कृषि/माटो विज्ञान- १

**खाद्य सुरक्षा तथा कृषि प्रसार शाखा**
सहायक /अधिकृत ५/६ तह/प्र सा.प्र.- १
लेखा सहायक/अधिकृत/५/६ तह/प्र लेखा- १
का.स. श्रेणी विहिन- २

## कृषि विकास कार्यालय हुम्लामा कार्यरत जनशक्ति विवरण

| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| स्थायी जनशक्ति | | | | | |
| १ | बखत बहादुर खड्का | कार्यालयप्रमुख | दैलेख | ९८५८३९१६४० | |
| २ | मिम बहादुर शाही | अधिकृतछैटौं | नेपालगंज बाँके | ९८६८००४८९२ | |
| ३ | रमाकान्त आचार्य | लेखापाल | बाँके | ९८५८३२०४३० | |
| ४ | बीरेन्द्रबहादुर माझी | नायबसुब्बा | दैलेख | ९८६८९०४८९६ | |
| ५ | हर्कधन शाही | कार्यालयसहयोगी | सिमिकोट-४, हुम्ला | ९८६८३११९०० | |
| ६ | रामदल रोकाया | कार्यालयसहयोगी | सिमिकोट-६, हुम्ला | ९८४८३८५७२२ | |
| प्रदेश करार जनशक्ति | | | | | |
| १ | धर्मेन्द्र अधिकारी | वालीसंरक्षण अधिकृत | कैलाली | ९८४८५३६१३९ | |

| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| २ | चित्रबहादुर थापा | प्रा.स. | दैलेख | ९८४८१६२५२० | |
| ३ | मिन बहादुर मल्ल | प्रा.स. | दैलेख | ९८६४९६३२२२ | |
| अन्य करार जनशक्ति | | | | | |
| १ | शोभनसिंह रोकाय | इन्जिनियर | सिमिकोट-५, हुम्ला | ९८४८३०४५५४ | |
| २ | निर्मल लामा | अर्गानिक कृषि प्रर्वद्धन अधिकृत | सिमिकोट-३, हुम्ला | ९८६०६४६०३८ | |
| ३ | राजेश वुढा | ब्लक विकास अधिकृत | सर्केगाड गा.पा., हुम्ला | | |
| ४ | प्रकाश शाही | माली बगैचे | खार्पुनाथ-१, हुम्ला | ९८४८३१७०३० | |
| ५ | अमिन वुढा | माली बगैचे | सिमकोट गा.पा. ८, हुम्ला | ९८४८१०२१४४ | |
| एक पालिका एक कृषि प्राविधिक अन्तरगतको जनशक्ति | | | | | |
| १ | धिरेन्द्र शाही | ना.प्रा.स. | खार्पुनाथ-५, हुम्ला | ९८६८३१०९४९ | |
| २ | विर्ख वोहोरा | ना.प्रा.स. | चंखेली-१, हुम्ला | ९८६१७३६०९९ | |
| ३ | जनक रावत | ना.प्रा.स. | सिमिकोट-६, हुम्ला | ९८४८३०४५०३ | |

## हुम्ला जिल्लाको गाउँपालिका अध्यक्षहरुको विवरण

| क्र.सं. | गाउँपालिकाको नाम | अध्यक्षको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | सिमकोट गाउँपालिका | पदम बहादुर लामा | ९८५८३२०५२९ |
| २ | नाम्खा गाउँपालिका | विष्णु बहादुर तामाङ (लामा) | ९८५८३९०३६५ |
| ३ | खार्पुनाथ गाउँपालिका | कर्ण बहादुर रावल | ९८५८०२१७६१ |
| ४ | सर्केगाड गाउँपालिका | कृष्ण रोकाया | ९८६५६९९२०० |
| ५ | चंखेली गाउँपालिका | धनलाल चौलागाई | ९८६४९५४४४३ |
| ६ | अदानचुली गाउँपालिका | दल फडेरा | ९८५१०७८७३६ |
| ७ | ताँजाकोट गाउँपालिका | बाग्दल मल्ल | ९८५१११९२९२ |

## हुम्ला जिल्लाको पालिकामा कार्यरत कृषि प्राबिधिकहरुको विवरण

| क्र.सं. | पालिकाकोनाम | प्राविधिकको नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नाम्खा गाउँपालिका | लक्ष्मी शाही | ना.प्रा.स. | ९८४८३६९४७७ |
| २ | सिमकोट गाउँपालिका | नेत्रबहादुर शाही | प्रा.स. | ९८४८०४३३६७ |
| ३ | खार्पुनाथ गाउँपालिका | हर्कबिर रावल | ना.प्रा.स. | ९८४८३८८२८१ |
| ४ | चंखेली गाउँपालिका | कलिबाने बुढा | ना.प्रा.स. | ९८५८३६६०२२ |
| ५ | सर्केगाड गाउँपालिका | रुद्रबहादुर शाही | अधिकृत छैठौं | ९८६७९४१४११ |
| ६ | अदानचुली गाउँपालिका | बिनिता महतारा | प्रा.स. | ९८६४९४३३०७ |
| ७ | ताजाकोट गाउँपालिका | धनसिंह धामी | ना.प्रा.स. | ९८४५९९५५११ |

## हुम्ला जिल्लामा रहेका महत्वपुर्ण कार्यालय तथा संघसंस्थाहरुको विवरण

| सि.नं. | कार्यालय | कार्यालय प्रमुखको नाम | मोबाईल नं. | कार्यालयको नंम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | गणेश आचार्य | ९८५७८४७७७७ | ०८७-६८००३३ | humladao@gmail.com |
| २ | नेपाली सेना | सेनानि नरेश भक्त अधिकारी | ९८५८३२२५९९ | ०८७-६८००२१ | nayabhairabidal@gmail.com |
| ३ | जिल्ला प्रहरी कार्यालय | सप्रनाउ हेरम्ब शर्मा | ९८५८३१५५५५ | ०८७-६८००९९ | dpohumla@nepalpolice.gov.np |
| ४ | सशस्त्र प्रहरी बल नेपाल नं. ४४ गुल्म | सप्रनाउ गेहेन्द्र बहादुर भण्डारी | 9851272758 | | apfhumla.n44coy@gmail.com |
| ५ | स्वास्थ्य सेवा कार्यालय | प्रेम बहादुर सिंह | ९८५८०५१४६५ | ०८७-६८००२४ | pbsingh465@gmail.com |
| ६ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | निर्मल थापा | | ०८७-६८००१७ | nfchhumla@yahoo.com |
| ७ | सामाजिक विकास कार्यलय | दान बाहादुर गुरुङ्ग | ९८४८३०१९७० | ०८७-६८००९० | Sdo@gmail.comhumla |
| ८ | शिक्षा विकास तथा समन्व्य ईकाई | विष्णु बहादुर शाही | ९८४८३१६३५५ | ०८७-६८०००५ | deohumla@gmail.com |
| ९ | डिभिजन वन कार्यलय | रेणुका न्यौपाने | ९८४१५७०५२३ | ०८७-६८००३६ | |
| १० | खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय | ङवान नाम्गेल लामा | ९८५११५९३११ | ०८७-६८०२५० | idsdhumla@gmail.com |
| ११ | नेपाल स्वा.क्षे. सहयोग कार्यक्रम | विश्वनाथ खत्री | ९८४५०४२०४३ | | biswonath@nhssp.org.np |
| १२ | कृषि विकास कार्यालय | बखत बहादुर खड्का | ९८५८३९१६४० | ०८७-६८००११ | adohumla1@gmail.com |
| १३ | पशु अस्पताल तथा पशु सेवा कार्यलय | ज्ञानेन्द्र सिङ्ग बुढा थापा | ९८५८०५२९७० | ०८७-६८००१० | vetasechunmla@gmail.com |
| १४ | नेपाल दूर सञ्चार संस्थान | शिव प्रसाद भट्टराई | ९८५८०२३०४४ | ०८७-६८००४४ | |
| १५ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यलय | अज रावत | ९८६८२४२२०२ | ०८७-६८००५२ | csidts.humla@gmail.com |
| १६ | अध्यागमन कार्यलय | धिरेन्द्र शाही | ९८४८३०४५१४ | | Meghanathshahi123@gmail.com |
| १७ | जिल्ला निर्वाचन कार्यलय | जगदिश शाही | ९८६८३११५३६ | ०८७-६८००२३ | ecdeo.humla@gmail.com |
| १८ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | राज बहादुर लामा | ९८४८३६४७७७ | | |
| १९ | नेपाल रेडक्रस सोसाईटी | छिरिङ पाल्देन लामा | ९८४८३०९०४३ | ०८७-६८०१३० | tseringnyinbalama@gmail.com |
| २० | हुम्ला उद्योग वाणिज्य संघ | नामग्याल तामाङ | ९८४८२६०२६९ | ०८७-६८००१९ | |
| २१ | स्वास्थ्यको लागि सक्षम प्रणाली | कालीदास जेशी | ९८४८४२८७६९ | | Kalidas_Joshi@ssbhnepal.org |
| २२ | प्रदेश लेखा इकाई | रामदत्त पाण्डे | | | |

| सि.नं. | कार्यालय | कार्यालय प्रमुखको नाम | मोबाईल नं. | कार्यालयको नंम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| २३ | जिल्ला आयुर्वेद कार्यालय | | | | |
| २४ | GNI नेपाल | विरेन्द्र थारु | ९८४९१५७९६८ | ०८७-६८०१४७ | birendra.tharu@gninepal.org |
| २५ | हिमाली नविन समाज | प्रभुजन शाही | ९८४१९८६०५३ | ०८७-६८०१०४ | thisngo@gmail.com |
| २६ | SAPPROS-Nepal | उमेश बहादुर साउद | ९८४८७२५०८२ | | umeshsaudo3@gmail.com |
| २७ | को.ले.नी.का. | नबिन बि.क. | | ०८७-६८००३६ | nareshbhatta47@gmail.com |
| २८ | स्याउ जोन परियोजना कार्यन्वायन इकाई | तेज बिक्रम मल्ल | | | |
| २९ | NAPO | छेपाल दोर्जे लामा | ९८४८३३६२२२ | ०८७-६८००४९ | tsepal@napo.org.np |
| ३० | HEAD Nepal | छिटुप लामा | ९८४१६४९४६२ | ०८७-६८०२१६ | head@headnepal.org |
| ३१ | RIDS-Nepal | सुनिता बुढा | ९८४८३१७३२७ | ०८७-६८००४८ | sunita@rids-nepal.org |
| ३२ | RPUDP | रमेश ऐडी | ९८४८३१७२५५ | ०८७-६८०११३ | |
| ३३ | SHIP Nepal | काली बहादुर भण्डारी | ९८४८३४१३१३ | ०८७-६८००७१ | bhandarikb.ship@gmail.com |
| ३४ | WWS | प्रेम बहादुर बुढा | ९८६८३४१७५९ | ०८७-६८०१०६ | |
| ३५ | RDP | पूर्ण रावल | ९८५११३९४९५ | ०८७-६८००७६ | Purnarawal9495@gmail.com |
| ३६ | ADARA Nepal | अंजुक लामा | ९८४१८७६६३७ | ०८७-६८०१९५ | angjuk.lama@adargroup.org |
| ३७ | SIDC | गोविन्द बहादुर शाही | ९८५८३२१०२० | ०८७-६८००५९ | Sidc.humla@gmail.com |
| ३८ | जिल्ला अपांग अधिकार संघ | हरी बहादुर एडी | ९८४८३०९२२७ | | |
| ३९ | KIRDARC | जनक बुढा | ९८४८३०९३७६ | ०८७-६८०१०५ | janak_buda.kirdarc.org |

## हुम्ला जिल्ला समन्वय समितिको पदाधिकारीको विवरण

| क्र.सं. | पदाधिकारीहरूको नाम | सम्पर्क व्यक्ति | मोवाइल नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | दान बहादुर रावत | प्रमुख | ९७४८९१९१२१६ | |
| ३. | खगेन्द्र कार्की | उप–प्रमुख | ९८६४९५५५३० | |
| ४. | अजविर शाही | सदस्य | ९८४८३१८०२७ | |
| ५. | लक्ष्मी बुढा | सदस्य | ९८४८३२५५९२ | |
| ६. | जीवन रावल | सदस्य | ९८४८१३८४६९ | |
| ७. | कुन्जोकताम्बा लामा | सदस्य | ९८४८३१७२७७ | |
| ८. | छोजाङ तामाङ्ग | सदस्य | ९८६८३४२९३० | |
| ९. | दनसिहं परियार | सदस्य | ९८४८२१६२६२ | |
| १०. | जसु परियार | सदस्य | ९८४८३०९८९१ | |

## आ.व. ०७७/०७८ मा कृषि विकास कार्यालय हुम्लाको वार्षिक कार्यक्रम प्रगतिको संक्षित विवरण

| क्र. सं. | आयोजना/ कार्यक्रमको नाम | बार्षिक विनियोजित बजेट (रू. हजारमा) | | | वार्षिकखर्च (रू. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा |
| १ | कर्णाली प्रदेश वित्तिय समान्निकरण कार्यक्रम प्रदेश सरकार | ४८३०४ | ९१९९ | ५७५०३ | ३६७८७ | ८०८१ | ४४८६८ |
| २ | कर्णाली प्रदेश वित्तिय समान्निकरण कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम | २०००० | ३६१०८ | ५६१०८ | १८५३२ | ३२८१५ | ५१३४७ |
| ३ | संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) कार्यक्रम | १६६८५ | ० | १६६८५ | १५४७१ | ० | १५४७१ |
| ४ | संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिसन कार्यक्रम) | ४४३५ | ७५० | ५१८५ | ४०७५ | ६७२ | ४७४७ |
| ५ | संघ सशर्त अनुदान कार्यक्रम (रैथाने वाली प्रवर्द्धन कार्यक्रम) | ४०० | ० | ४०० | ४०० | ० | ४०० |
| ६ | मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आयआर्जन कार्यक्रम | ७९५० | ० | ७९५० | ७९५० | ० | ७९५० |
| | **कार्यक्रमको एकमुष्ठ विवरण** | ९७७७४ | ४६०५७ | १४३८३१ | ८३२१५ | ४१५६८ | १२४७८३ |

# वार्षिक प्रमुख कार्यक्रमको मुख्य उपलब्धिहरु

## १. चक्लाबन्दी खेति प्रोत्साहन कार्यक्रम

- यस कार्यालयको आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार चक्लाबन्दी खेति प्रोत्साहन अनुदान कार्यक्रम संचालन भएको थियो । यो कार्यक्रम संचालनका लागि सिमकोट गाउँपालिका वडा नं. ३ मा रहेको नवउदय कृषि पशु तथा वनसहकारी संस्था लिमिटेड र नाम्खा गाउँपालिका वडा नं. १ मा रहेको प्रमोद पशुपालन कृषि तथा जडिवुटी उद्योग छनोट भएका थिए । नबउदय कृषि पशु तथा बन सहकारी संस्था लिमिटेडलाई कार्यालयको २० लाख अनुदान रकम हरेको थियो उक्त सहकारी संस्थाले समुदायको २०० रोपनी बाझो जग्गामा घेरबार गरि स्याउ, ओखर, तरकारी तथा रैथाने बालि उत्पादन गर्दै आयको छ ।
- प्रमोद पशुपालन कृषि तथा जडिबुटी फर्म लाई कार्यालयको २५ लाख अनुदान रकम रहेको थियो उक्त फर्म ले २४० रोपनी बाझो तथा भिरालो जमिनलाई खेतियोग्य जमिनको रुपमा विकास गरेको छ । फर्मले २४० रोपनी क्षेत्रफल जमिन घेरबार गरि सिमि, आलु उत्पादन गरिरहेको छ भने आगामी दिनमा स्याउ तथा ओखर को बगैंचा स्थापना गर्ने लक्ष लिएको छ ।




*चक्लाबन्दी कार्यक्रम प्रस्तावित स्थान नाम्खा-१, हेप्का (कार्यक्रम संचालन हुनुपूर्व)*



*चक्लाबन्दी कार्यक्रम नाम्खा-१, हेप्का (कार्यक्रम संचालन संचालन भैसकेपछिको अवस्था)*

## २. कर्णाली ब्रान्ड निर्माण कार्यक्रम

चालु आ.व. मा यो कार्यक्रम ५ वटा निजि फर्म तथा निजि उद्योग बाट संचालन भएको थियो । यो कार्यक्रममा कृषि विकास बाट अनुदान प्राप्त गरेका निजि उद्यमी हरुले रैथाने र हुम्ला जिल्लामा उपलब्ध कच्चा पदार्थ प्रयोग गरेर विभिन्न खानेकुरा (सिस्नोको चाउचाउ, फापरको चियापत्ती, चिनोको बिस्कुट आदि) बजारमा ल्याईरहेको छन, जिल्लाको मह खामुको तेल आदिको ब्रान्डीङ्ग गरेर बचेरको छन् । कर्णाली ब्रान्ड निर्माण कार्यक्रमले जिल्लाको मह, खामुको तेल, स्याउ, लगायत कृषि जन्य उत्पादनको बजारीकरणमा उल्लेखनिय सहयोग पुर्यायको छ ।






*कर्णाली ब्रान्ड कार्यक्रम अन्तर्गत संचालन भएका कोशेली घरको केहि झलकहरु*

## ३. कृषि सिंचाई कार्यक्रम

चालु आ.व. मा यस कार्यालयको स्वीकृत कार्यक्रममा २८ वटा सिंचाई योजनाहरु रहेका थिय, जसमा २७ वटा सिंचाई योजना हरु सम्मपन्न भएका छन् । कृषि विकास कार्यालय हुम्ला बाट संचालन भएका सिंचाई योजनाले थप १९ हेक्टर जमिनमा सिचाई सुबिधा पुगेको छ ।

**कृषि सिंचाई कार्यक्रम अन्तर्गत संचालन भएका केहि झलकहरु**



*हेप्काटाकुरा कृषि सिंचाई नाम्खा-१ हेप्का*



*कृषि सिंचाई अदानचुली-३, रोकमा*



*कृषि सिंचाई ताजकोट-३, ठुलासिम*

## सिमकोट बजारमा कृषि जन्य उत्पादन र खाध्यवस्तुको बजार मूल्य विवरण

| सि. नं. | कृषि उपजको नाम | मासिक औसत मूल्य रकम रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | आसार | औसत मूल्य रु. |
| १ | चामल(मसिनो) | १८० | १८० | १८० | १८० | १८० | १८० | १८० | १८० | १८० |
| २ | चामलमोटो | १४० | १४० | १४० | १४० | १४० | १४० | १४० | १४० | १४० |
| ३ | चिउरा | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| ४ | दालसिमी | २०० | २०० | २०० | २०० | २५० | २५० | २५० | २५० | २२५ |
| ६ | दालमसुरो | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० |
| ७ | मासकोदाल | ३०० | ३०० | ३०० | ३०० | ३१० | ३१० | ३०० | ३२० | ३०५ |
| ८ | मुंगकोदाल | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० |
| ९ | केराउ | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० |
| १० | गहतकोदाल | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ११ | भटमास | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० |
| १२ | काउली | २५० | २५० | २५० | २५० | २५० | २५० | २२० | २२० | २४३ |
| १३ | बन्दा | २४० | २४० | २४० | २४० | २४० | २१० | २१५ | २१० | २२९ |
| १४ | आलु | १०० | १०० | १०० | १०० | १०० | १०० | ९० | ९० | ९८ |
| १६ | टमाटर | २५० | २५० | २५० | २५० | २५० | २२० | २३० | २२० | २४० |
| १७ | प्याजसुकेको | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २३० | २४८ |
| १८ | लसुन | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | ३८० | ३९८ |
| १९ | फर्सीहरियो | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० |
| २० | तितेकरेला | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० |
| २१ | काँक्रा | २४० | २४० | २४० | २४० | २४० | २३० | २२० | २४० | २३६ |
| २२ | खुर्सानीसुकेको | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० |
| २३ | खुर्सानीहरियो | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| २४ | माछा | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० |

| सि. नं. | कृषि उपजको नाम | मासिक औसत मूल्य रकम रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | आसार | औसत मूल्य रु. |
| २५ | मासु(ब्रोईलर) | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० |
| २६ | मासु(खसी) | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| २७ | अण्डा | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ |
| २८ | सागहरियो | ३० | ३० | ३० | ३० | ३० | २५ | २५ | २५ | २८ |
| ३० | मुला | १५० | १५० | १५० | १५० | १५० | १३५ | १३० | १३० | १४३ |
| ३१ | गाँजर | २४० | २४० | २४० | २४० | २४० | २२० | २१५ | २२५ | २३३ |
| ३६ | केरा | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ३७ | तेल(तोरीको) | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| ३८ | तेल(सूर्यमुखी) | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| ३९ | दुध | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० |
| ४० | दही | २४० | २४० | २४० | २४० | २४० | २४० | २४० | २४० | २४० |

# कृषकको सफलताको कथा

## १. कृषक सफलताको कथा

नाम : **रिन्जेन दावा लामा**
ठेगाना : नाम्खा गा- .पा.१ हुम्ला
मो.नं. : ९८६३१४३०४०




मेरो नाम रिन्जेन दावा लामा हो । मेरो स्थायी ठेगाना नाम्खा गाउँपालिका वडा न.१ धिन्गा मा पर्छ । मेरो जन्म निम्न परिवारमा भएको हो । म ३३ वर्षको भए र बिबाहित छु । मेरो घरमा ५ भाई बहिनि र आमा बुबा गरि १२ जनाको परिवार छ । म घरको दोश्रो सन्तान हो । मैले ८ पास गरेको छु ।

करिब ४ बर्ष अगाडी देखि मौरी पालन गर्न थालेको हो । सुरुवातमा १० ओटा घार निर्माण गरेर सामान्य घर खर्च चलेको थियो । २०७६ सालमा कृषि विकास कार्यालय हुम्ला मा मौरी पकेट कार्यक्रमको लागि निबेदन माग गरेको एफ.एम.बाट समाचार सुने र निवेदन दिई छनौट पनि भएँ । कृषि विकास कार्यालयले दिएको नौ लाख अनुदानबाट मौरी बगैचा ब्यबस्थापन, सामग्री खरिद र १५० ओटा मौरी घार निर्माण गरि पहिलो वर्षमा नै रु. दुई लाख आम्दानी गर्न सफल भएँ । गरिब परिवारमा जन्मिएकोले पढाई लेखाइ खर्च जुटाउन निकै कठिन भैरहेको थियो । अहिले मेरो मौरी पालनबाट निकै राम्रो आम्दानीको श्रोत भएको छ । यो वर्ष पनि तिन लाख भन्दा बढी आम्दानी गरेँ । मौरी पालनबाट आएको आम्दानीबाट सम्पूर्ण घर खर्च र पढाई खर्च चलाइरहेका छौ । हुम्लामा मौरी सम्बन्धि बिभिन्न किसिमका मौरी औजार तथा सामग्रीहरु नभएकोले यसै आम्दानीबाट मौरी सामाग्रीहरु खरिद गरेको छु ।

अब मेरो लक्ष्य मौरो पालनलाई अझ व्यावसायिक बनाउँदै लैजाने योजना छ । हुम्लामा बिशेष गरि मौरीपालन गरि बढी मात्रामा मह उत्पादन हुन्छ र म आफुले सकेसम्म मौरी पालन ब्यबसाय गरि मह उत्पादन गर्ने योजना छ । मेरो सफलताको प्रेरणाको स्रोत कृषि विकास कार्यालय हुम्लालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

## २. कृषक सफलताको कथा

नाम : **राना रावत**

ठेगाना : सिमकोट गा.पा.-५ तल्लो गाउ

मो.नं. : ९८४८३०९९५६

उमेर : ५० बर्ष

व्यवसाय : मौरीपालन र मौरी उध्योग व्यवसाय

सुरुवात : २०६५ सालदेखि

आवद्धता : सदस्य- शिब मन्दिर कृषक समुह

पुरस्कार : कृषि मेला पर्दर्शनी बाट उत्कृष्ट उधमिको रुपमा सम्मानित तथा पुरस्कार प्राप्त



### विगतको अवस्था :

२०६५ सालमा हिमाली प्रोजेक्ट ले १५ दिने मौरीपालन सम्बन्धि तालिम लिएर एक घार मौरीपालन सुरु गर्नुभएको थियो । त्यसपछी जिल्ला कृषि विकास कार्यालयबाट हुम्ला बाट मौरीपालन सम्बन्धि १ हप्ता तालिम रआवश्यक केहि मौरिजन्य सामग्रीहरु प्राप्त गरेपछि व्यवसायिक रुपमा मौरीपालन थाल्नु भएको थियो । २०७४ सालदेखि मौरीपालन व्यवसायको लागि मौरिजन्य सामग्रीहरु समस्या समाधान गर्न मौरीजन्य सामग्री निर्माण गरीरमेश मौरी तथा फलफुल उध्योगको रुपमा विकास गर्नु भयो।तत्कालिन अवस्थामा वार्षिक रु ३५ हजार रुपैया को कारोबार भएको बताउनुभयो । २०७६ सालमा कृषि विकास कार्यालय हुम्ला बाट मौरी पकेट कार्यक्रम कार्यक्रम अन्तर्गत पाच लाख अनुदान प्राप्त गरि १०० वटा सुधारियको मुढे घार निर्माण तथा मौरी सामाग्रीहरु खरिद गरि पछिल्लो बर्ष मा रु. ६५,००० रुपैया को कारोबार गर्नुभयो । मौरी पालन बाट निकै राम्रो आम्दानि बाट सम्पूर्ण घर खर्च चलाइरहेका छौ ।

### आजको अवस्था :

हाल सुर्खेत,नेपालगंज ,काठमाण्डौ,मुगु जिल्ला मा मह बिक्रि वितरण भैरहेको छ । हाल १२० वटा सुधारियको मुढे घार थप मौरी पालन गरि बर्ष को रु. ९५,००० रुपैया को कारोबार गर्ने बताउनु भयो र आज भोलि मौरी सम्बन्धि प्रशिक को रुपमा तालिम दिदै गर्नु भयको छ । मौरीपालन व्यवसायमा निकै प्रगती गर्नुभयो ।

### अबको योजना र लक्ष्य :

रमेश मौरी तथा फलफुल उधोग व्यवस्थित गरि सहज रुपमा मौरीजन्य सामग्री कृषकलाई उपलब्ध गराउने, मौरीपालक किसानलाई प्राविधिक सेवा र सरसल्लाह दिने र मौरी गोला उत्पादन गर्ने, उत्पादित मह बाह्य जिल्लामा बजारीकरण गर्ने, रमेश मौरी तथा फलफुल उधोग अर्गानिक मह ब्रान्डको नाममा महको बिक्री वितरण गर्ने । र मेरो सफलताको प्रेरणाको स्रोत कृषि विकास कार्यालय हुम्ला लाइ हार्दिक धन्यवाद दिन चाहन्छु ।

## ३. सफलताको कथा






यसहुम्ला जिल्ला नाम्खा गाउँपालिका वडा नं. १ हेप्का गाउँमा बसोबास गर्नेश्री ल्हामु लामाको जन्म २०१८ साल १४ गतेको दिन भएको थियो र उनको जम्मा परिवार संख्या ७ जना रहेको छन् । ल्हामु लामा ले बिगत लामो समयदेखि आफ्नैगाउँ हेप्कामाबसी परम्परागत देखि खेति गरिदै आएको रैथाने बालि जस्तै गहु, कागुनो, फापर, चिनो, कोदो, लट्टे आदिर तरकारीमा जस्तै आलु, चोति, फर्सी, खुर्सानी, आदिउत्पादान गर्दै आएको रैछन् रत्यही कृषि उत्पादनबाट आफ्नो परिवारपेट पाल्ने काम भएको उनि बताउछन् । तर उहाँको छोरा पासाङ भने कहिले पनि त्यस क्षेत्रपट्टि कृषि कहिलै रुची राखेको थियनन् बरु आमालाई नै त्यो कृषि पेशा छोड्देउ भनेर बारम्बार बन्ने गर्थे । तर उहाँको छोरा पासाङ आफै बिगत लामो समयदेखि नै फुरु ब्यापारमा आबद्ध थिए रउनलाई ब्यापारीबाट नैनिकै फाईदा हुदोरहेछ । तर त्यहि ब्यापारीकै सिलशिलामा विश्वको बिकसित देश युरोप, चिन, इजराइल लगायत बिभिन्न मुलुकमा गुम्न मौका पाउनु भएको रहेछ र त्यसको सिलशिलामा उहाले त्यहाँ कृषि सम्बन्धि उत्पदान हुने बिभिन्न फर्म हेर्ने मौका पाउनु भएको रहेछ र पासाङ निकै त्यस कृषि उत्पादानप्रति प्रभावित रफाईदा जनक भएको परेणा मिल्यो र त्यसपछि पासाङले आफनो सोच कृषि प्रति निकै नै राखथाले र उनले आफ्नो गाउँघर तिर कृषि सम्बन्धि कार्य योजना बनाउनका साथै आफू जन्मेको ठाउँमा परम्परागत देखिकृषि खेति प्रणालीलाई बजारमुखी ब्यबसायिक र आधुनिकरण कृषि प्रणालीमा रुपान्तरण गर्ने उदेश्यका साथ उनि अगाडी बढेको बताउछन् । पासाङको अनुसार, अर्गानिक कृषि उपज/उत्पादन पहिलो प्राथमिकता आफ्नैस्थानीय बजार/नेपाली बजार र बाकी कृषि उत्पादन चाँही सम्बन्धित ठाउँमा प्लान्ट क्वारेन्टाइन गरि आफनो छिमेकि तिब्बत (चिन)संग ब्यापार गर्ने उदेश्यका सहित सोच राखेर अगाडी बढेको बताउछन्। पासाङको अनुसार, २०७६ देखि अहिलेसम्म उनि आफ्नै गाउँमा कृषि पेशामा आबद्ध भएको उनि बताउछन् । पछि गाउँमा बेस्तारै आफ्नो जग्गा भएको ठाउँमा वरिपरी गाउँलेको जग्गा गाउँलेकै सहमतिमासाटेको र केहि जग्गा पैसादिएर किनेका उनि बताउछन् । उनको अनुसार जम्मा जग्गाको क्षेत्रफल २३५ रोपनिभएको बताउनु हुन्छ ।

पासाङ लामाको अनुसार जग्गाको क्षेत्रफल लगभग २३५ रोपनी छ । पछिपासाङ आफैले प्रोमोद कृषि तथा पशुपालन फर्म स्थापना गरेका थिए र त्यसका साथै २०७३ साल मा आफ्नो फर्म दर्ता गरेका थिए ।

आ.व. २०७७/७८ सालमा जिल्ला कृषि विकास कार्यालय, सिमकोटहुम्लाबाटसूचना प्रकाशित चक्लाबन्दी प्रोसाहित कार्यक्रम हुदाँ आफ्नो फर्म हालेको र पछि सबैडकुमेन्ट र कृषि प्राबिधिक अनुगमनको आधारमा आफ्नो फर्म प्रोमोद कृषि तथा पशुपालन फर्मलाई छनोट गरिएको यस फर्मका संचालक श्री ल्हामु लामाले बताउछन् ।

चक्लाबन्दी प्रोसाहित कार्यक्रममा यस कार्यालयबाट जम्मा अनुदान रकम रु. २५ ,००,०००(अक्षेर रुपी पच्चीस लाख मात्र) अनुदान प्राप्त गरेको थियो । यस कार्यालयबाट जम्मा अनुदान रकम र आफ्नो खुद लगानी तिन करोड लगानी गरेको उहाँ बताउनु हुन्छ ।

अहिले प्रोमोद कृषि तथा पशुपालन फर्म, हेप्का-१ जग्गाको क्षेत्रफल २३५ रोपनीमा कृषि विकास कार्यालयको सयोग अनुदानमा घेरबारका साथ सिचाई पुगेको र कृषि उपजउत्पादान जस्तै आलु, सिमि, ओखर, आदिखेति गरिएको छ र निकै फलदायिकजनक देखेका छन्र यसको जम्मा कुल कृषि उत्पादन भने असोज पछी अथबा बालि टिपीसकेपछि मात्र थाहा हुने यस फर्मका संचालक श्री पासाङ लामाले सो कुरा बताउनुभयो । पासाङको अनुसार यस वर्ष लगबग २० रोपनीमा आलु, ५० रोपनीमा सिमि र अरु बाकीमा फलफुल बिरुवा लगाउने कृषि प्राबिधिक फिल्ड अनुगमन जाँदा जानकारी दिएका हुन् । उनको अनुसार यस बालि चक्र पछि लगबग ८० प्रतिशत जग्गा क्षेत्रफलमास्याउ तथा ओखर बिरुवा लाउने उदेश्यका साथ अगाडी बढेको कृषि प्राविधिकलाई जानकारी दिएका हुन् । साथैउहाँको फर्ममा लगबग सुरुकै लटमा १००० कुखुरा अड्ने कुखुराको खोर निर्माण गरिसकेका छन् र पासाङको अनुसार अब केहि समयपछि कुखुराको चल्ला हाल्ने भन्ने उनले सोच राखेका छन् र पछि राम्रो फलदायिक जनक भयो बने अझैं थप कुखुराको खोर बनाउने भन्ने सोचका साथ उनि अगाडी बढेका छन्।पासाङको मुख्य उदेश्य भनेकोअब आउने ओखर सिजनमा, ओखरबिरुवा ८० प्रतिशत कुल जग्गाको क्षेत्रफलमा लगाउने योजना सहित हाम्रो प्राबिधिकलाई जानकारी दिनु भएकोछन्। परम्परागतरुपमा लगाईने कोदो, उवा, फापरभन्दा फलफुल र तरकारी बालिबाट निकैफाइदा हुने उहा बताउनु हुन्छ र त्यसैले उनको प्राथमिकता फलफुल, तरकारी र कुखुरा पालनमा सोच भएको बताउछन् ।

## ४. कृषक सफलताको कथा



नाम : **बल बुढा**
ठेगाना : ताजाकोट गाउपालिका-५, हुम्ला
परिवार संख्या : ७ जना

यस हुम्ला जिल्ला ताजाकोट गा.पा.वडा नं. ५ मदाना मा बस्ने श्री बल बुढा को जन्म मिति २०४३/९/५ भयको हो घरको अबस्था नाजुक र विकटता को कारणले उहाले १देखि ५ कक्षा सम्म आफ्नै गाउमा पढेको र ६ कक्षा देखि माथि को अध्ययन गर्नको लागि गाउदेखि टाढाको स्कुल मा गयर ८ कक्षा सम्म अध्ययन गर्नु भयको रैछ तेसपछी माओबादी को आन्दोलन ले पढाइ रोकियाको रहेछ ।

तेस पछी २०७४ सालमा गाउमा आयर कृषि सम्बन्धि २ रोपनी जगा मा स्याउ लगायर काम गर्न सुरु गरे भनेर भन्नु भयो २०७४ सालमै जनमुखी कृषि फर्म दर्ता गरे आर्थिक कमजोरी ले धेरै ठुलो काम गर्न सकिएन केहि सल्ला लिनको लागि कृषि बिकास कार्यालय हुम्ला मा गयर कार्यालय प्रमुख सर को सल्लाहा लगेर काम गर्न सुरु गरे पहिले पहिले सानो नर्सरी राखेर काम गर्न सुरु गरे भन्नु भयो, त्यहि सर को सल्ला ले झन् काम गर्ने प्रेरित मिल्यो र गर्दा गर्दै जादा कृषि बिकास कार्यालय बाट २०७६ मा अनुदान रकम १००००० (एक लाख) पायको थिय भन्नु भयो त्यस पछी त्यहि जग्गा मा नर्सरी संचालन गरे २०७६/०७७ मा २५००० बिरुवा उत्पादन गरे जस्मा ओखर को बिरुवा ६०००, स्याउको १५०००, खुर्पानी ३०००, र कागजी बदाम १००० उत्पादन गरेर जम्मा १०००० बिरुवा कृषक लाई वितरण गरे भन्नेर भन्नु भयो २००००० (दुइ लाख) आम्दानि भयको थियो अहिले मैले बिरुवा १ लाख भन्दा बढी छ भन्नु भयो अबको योजना आफ्नो जिल्लामा बितरण संगसंगै अरु जिल्ला मा बिरुवा बितरण गर्ने र अरु कृषक लाई पनि समेटेर काम गर्ने सोच छ ।

# आ.व. ०७७/०७८ मा सञ्चालित कार्यक्रमहरूको केही झलकहरू



*सहकारी मार्फत कृषि उद्यम (तरकारी बिउबिजन वितरण) सर्केगाड-१*





*याल्बांग सिंचाई (नाम्खा-२)*



नर्सरी प्रवर्दन कार्यक्रम सिमकोट-६





अर्गानिक मिसन कार्यक्रम अन्तर्गत कृषि उत्पादन तथा भण्डारण सामग्री वितरण




अर्गानिक मिसन कार्यक्रम अन्तर्गत संचालन भएका तालिमको झलक






कृषि यान्त्रिकरण कार्यक्रमको एक झलक



अर्गानिक मल वितरण कार्यक्रम ताजाकोट-२



वर्षे फलफुल विरुवा ढुवानी बाजुरा एयरपोर्ट



पालिका कृषि शाखा प्रमुख संगको बैठक



सिमकोट गापा अध्यक्षज्यु संगको बैठक





राष्ट्रिय धान दिवस (असार १५) २०७८ को झलकहरु

# मिति २०७७ फागुन ६ गते अर्गानिक कृषि दिवस मनाइयो: ‘तत्कालीन र दीर्घकालीन असरहरूबाट बच्न अर्गानिक उत्पादनमा जोड दिन आवश्यक’: चिरन्जीवी गिरी (प्रमुख जिल्ला अधिकारी)







कृषि विकास कार्यालय हुम्लाले विभिन्न कार्यक्रमको आयोजना गरी **अर्गानिक कृषि दिवस** मनाएको छ । अर्गानिक कृषि दिवसको अवसरमा मानसरोबर माध्यामिक बिद्यालय संग समन्वय गरि सिमकोट बजारमा प्रभात फेरी कार्यक्रमका साथै मानसरोबर होटेलमा अर्गानिक कृषि सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद्को प्रथम बैठक मिति २०७४ फाल्गुन ६ गतेको ले ‘अर्गानिक कृषिको आधार खडा गरी रैथाने बाली वस्तुको संरक्षण गर्ने’ निर्णय गरेको थियो । यसै अवसरमा कर्णाली प्रदेश सरकारले प्रत्येक वर्ष यसै दिनलाई अर्गानिक कृषि दिवसको रूपमा मनाउँदै आएको छ । अर्गानिक कृषि र रैथाने बालीको संरक्षण तथा प्रवद्र्धन भन्ने मूल नाराका साथ कर्णालीले यस वर्षको अर्गानिक कृषि दिवस मनाएको छ।

कृषि विकास कार्यालयको आयोजनामा सम्पन्न गरिएको उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता कार्यालय प्रमुख बखत बहादुर खड्का, प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी गिरी र संचालन कृषि विकास कार्यालयको नासु श्री बिरेन्द्र माझीले गर्नु भएको थियो | यसका साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई स्याउ जोन हुम्लाका प्रमुख रामसुरत पाल, पशु अस्पताल तथा पशु सेवा कार्यालय हुम्लाका प्रमुख ज्ञानेन्द्रसिंह वुढथापा, कृषक, समुह सहकारी लगायत कृषि सम्बन्धि सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी गिरीले हाल बजारमा पाउने कृषि उपजहरूमा विषादीको उल्लेख्य प्रयोग बढेको बताउँदै तत्कालीन र दीर्घकालीन असरहरूबाट बच्न सबैले अर्गानिक कृषि उत्पादनमा जोड दिनु पर्ने बताए । यस्तै कार्यक्रममा अर्गानिक खेतीका लागि उपयुक्त ज्ञान दिने भिडियो तथा डकुमेन्ट्री बनाएर सामाजिक संजालमा राख्नु पर्ने तथा वर्तमान प्रविधिको प्रयोग गरी अर्गानिक कृषिको सचेतना प्रदान गर्न आवश्यक रहेको हुम्लाका प्रहरी प्रमुख (डिएसपी) सूर्यप्रकाश सुबेदीले बताए ।

यता कार्यक्रमका अतिथि उद्योग वाणिज्य संघ हुम्लाका अध्यक्षले अर्गानिक कृषि उत्पादनका लागि हुम्लाका ७ वटै पालिकामा प्रचार प्रसार गरी उत्पादनमा वृद्धि गर्दै जिल्लामा उत्पादन भएको कृषि उपजलाई नेपाल खाद्य कम्पनी लिमिटेडले उचित मूल्यमा खरिद गर्ने वातावरण तयार गर्न आवश्यक रहेको बताए ।

# रैथाने बाली प्रवर्दन सम्बन्धि समन्वयात्मक अन्तरक्रिया कार्यक्रम तथा बजारीकरण सहयोग कार्यक्रम सम्पन्न

मिति २०७७ पौष ९ गते कृषि विकास कार्यालयमा सरोकारवाला निकायसँग बसेको समन्वयात्मक बैठकले जिल्लामा लोपोन्मुख रैथाने बालीको संरक्षण, उत्पादन र बजारीकरणका लागि छलफल गरिएको छ । उच्च हिमाली जिल्ला हुम्लामा परम्परागतरूपमा स्थानीय समुदायले खेती गर्दै आएको रैथाने बालीको संरक्षण र बजारीकरणसम्बन्धी पहल गरिने भएको छ ।





बैठकमा जिल्लामा उत्पादित रैथाने बाली कसरी जोगाउन सकिन्छ, यसको बजारीकरण कसरी गर्न सकिन्छ र जिल्ला बाहिरबाट आयातित खाद्यान्नको न्यूनीकरण गरी जिल्लामै उत्पादन भएका रैथाने बालीलाई उपभोक्ताको घर घरमा पुर्याउने र जिल्ला बाहिरको मागलाई कसरी पूर्ति गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको छ । रैथाने बाली संरक्षणका लागि लोप हुन लागेका स्थानीय उत्पादनलाई प्रथामिकता दिने, बजारीकरणका लागि जिल्ला सदरमुकाम सिमकोटलगायतका पायक पर्ने स्थानमा कोसेली घर स्थापना गर्ने र रैथाने बालीको विविधीकरणका लागि जिल्लाका सातवटै स्थानीय तहसहित सरोकारवाला निकायले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने निर्णय गरिएको र जिल्लामा रैथाने बाली कोदो, फापर, चिनो, कागुनो, मार्सी, आलु, धानलगायतको संरक्षणका साथै कृषकले उत्पादन गरेका यी बालीको बजारीकरणका लागि कोसेली घरको व्यवस्था गरिने भएको छ ।

पोषणको दृष्टिले महत्वपूर्ण मानिएको तर अहिले हुम्लीको भान्छामा कमै प्रयोग हुने गरेकाले रैथाले बालीलाई प्रवद्र्धन एवं संरक्षण गर्न कृषि विकास कार्यालय हुम्लाले पकेट क्षेत्र छनोट गर्ने भएको कार्यालय प्रमुख खड्काले बताए । जिल्लाका गाउँगाउँमा अन्न खाडलमा हालेर राख्ने तर जिल्ला बाहिरको कुपोषित खानाको प्रयोग बढेकाले यसलाई न्यूनीकरण गर्दै जिल्लामै उत्पादन भएको रैथाने बालीबाट बनेका पोषिलो खानालाई दिउँसो नास्ता/खाजाका रूपमा प्रयोग गर्नुपर्ने तथा विद्यालयमा विद्यार्थीलाई दिवा खाजाका रूपमा पनि रैथाने बालीको प्रयोग गर्नुपर्ने खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्णबहादुर रावलले बताए ।

यसै गरि आ.व. ०७७/०७८ मा कृषि विकास कार्यालय हुम्लाले रैथाने बालि र अर्गानिक कृषि उपजको ब्रान्ड निर्माण, लेबेलिंग, प्याकेजिंगको लागि निजि फर्म तथा सहकारीलाई आर्थीक अनुदान सहयोग गरेको छ । उक्त कार्यक्रमबाट ३ वटा अर्गानिक कोसेली घर स्थापना भएको छ भने १ ओटा रैथाने बालि प्रशोधन गर्ने उध्योगको स्तारौन्नती भएको छ ।

# हिमाली क्षेत्रमा तरकारी बालीपात्रो र खेतिप्रविधि

| क्र. सं. | बाली | जात | विरुवा रोप्ने समय | कम्पोष्ट मल | वेर्ना लगाउने दूरी (से.मी) | | बीउ/बेर्ना दर (ग्राम वा संख्या) |
|---|---|---|---|---|---|---|---|
| | | | उच्च पहाड | | ड्याङ्ग × ड्याङ्ग | बोट×बोट | |
| १ | काउली खुला सेचति अगौटे जात | सर्लाही दिपाली | चैत-असार | १५०० | ४५ | ४५ | २५०० बेर्ना (३०-४० ग्राम) |
| | काउली खुला सेचित मध्य मौसमी जात | काठमाण्डौ स्थानीय खुमलज्यापु | माघ-श्रावया | १५०० | ६० | ४५ | १८०० बेर्ना (३० ग्राम) |
| | काउली खुला सेचित पछौटे जात | डोल्पा स्नोवल १६ | माघ-वैशाख | १५०० | ६० | ४५ | १८०० बेर्ना (३० ग्राम) |
| | काउली हाईव्रीड | सिल्भर कप ६०, ह्वाइट फ्लास, ह्वाइट कप (अगौटे जात) | | २००० | ४५ | ४५ | १५ ग्राम |
| | | ह्वाइट टप,रेमि, देवी १, स्नो डोम, मिल्क वे(मध्य मौसमी जात) | | २००० | ६० | ४५ | १५ ग्राम |
| | | स्नोमिस्टिक,मेघा,एन.एस-९०, एन.एस. १०६, स्नो डोम,नेपा ह्वाइट (पछौटे जात) | | २००० | ७५ | ७५ | १० ग्राम |
| २ | काँक्रो | निन्जा १७९, डाइनेष्टी | जेठ-श्रावण | १५०० | ७५ | ७५ | १०० ग्राम |
| | | मालिनी, सालिनी, बेली, नेपा टुसी | जेठ-श्रावण | | ७५ | ७५ | ,, ,, |
| | | भक्तपुर लोकल | जेठ-श्रावण | | २०० | २०० | ५० ,, |
| | | कुक्ले | | | २०० | १०० | ,, ,, |
| ३ | केराउ | न्यु लाइन | चैत्र-वैशाख | १५०० | ६० | ६० | २००० ,, |
| | | सर्लाही आर्केल | चैत्र-वैशाख | | ,, | ,, | ,, ,, |
| | | सिक्किम स्थानिय | चैत्र-वैशाख | | ७५ | ७५ | ,, ,, |
| ४ | खुर्सानी | ज्वाला, कर्मा ७४७, नेपा हट | चैत्र-वैशाख | १५०० | ६० | ३० | ४००० बेर्ना |
| | | एन-एस १७०१ | चैत्र-वैशाख | | ४५ | ३० | ४००० बेर्ना |
| | | मार्शल | चैत्र-वैशाख | | ६० | ४५ | ,, |
| ५ | गाँजर | न्यू कुरोदा, कुरोदा मार्क | जेठ-साउन | १५०० | ३० | १० | ३०० ग्राम |
| | | नान्टिस | जेठ-साउन | | ३० | १० | ,, |
| ६ | गोलभेडा अग्लोजात | डालिला, सृजना, गौरव ५५५, | चैत्र-जेठ | १५०० | ७५ | ४५ | १०-१५ ग्राम |
| | गोलभेडा होचोजात | सूर्य १११ | चैत्र-जेठ | | ६० | ४५ | १०-१५ ग्राम |
| | | एन.सि.एल. १ | चैत्र-जेठ | | ६० | ४५ | १०-१५ ग्राम |
| | | रोमा | वैशाख-जेठ | २००० | ७५ | ४५ | ५-१० ग्राम |
| | | माकिस् | | २००० | ७५ | ७५ | ५-१० ग्राम |
| | | टि ३० | | २००० | ७५ | ४५ | ५-१० ग्राम |
| | | सुरक्षा | | २००० | ७५ | ७५ | ५-१० ग्राम |
| | | मिन्टो | | २००० | ७५ | ६० | ५-१० ग्राम |
| | | एन.एस. ८१५ | | २००० | ७५ | ६० | ५-१० ग्राम |
| | | पुसा रुवी | | २००० | ७५ | ७५ | १०१५- ग्राम |
| | | अमरुता | | २००० | ७५ | ७५ | १०१५- ग्राम |

| क्र. सं. | बाली | जात | बिरुवा रोप्ने समय | कम्पोष्ट मल | बेर्ना लगाउने दूरी (से.मी) | | बीउ/बेर्ना दर (ग्राम वा संख्या) |
|---|---|---|---|---|---|---|---|
| | | | उच्च पहाड | | ड्याङ्ग × ड्याङ्ग | बोट×बोट | |
| | गोलभेडा मध्यम अग्लो जात | मनप्रेकस, अमिता | | २००० | ७५ | ४५ | १०१५- ग्राम |
| | | युरेका | | २००० | ७५ | ७५ | १०१५- ग्राम |
| | | माधुरी | | २००० | ७५ | ७५ | १०१५- ग्राम |
| ८ | ग्याँठ गोपी | सम्राट, नेपा बल | जेठ-भदौ | १५०० | २० | २० | १२०० वेर्ना |
| ९ | घिरौला | कान्तिपुरे | बैशाख-जेठ | ५०० | ३०० | ३०० | ५०-ग्राम १०० |
| | | न्यु नारायणी, गीता | बैशाख-जेठ | | २०० | २०० | १०० ग्राम |
| १० | चम्सुर | ठिमी चम्सुर | फाल्गुन-बैशाख | ६०० | २० | २□३ | ५००- १०००,, |
| ११ | चुकंदर | मधुर | जेठ-साउन | १००० | ४५ | १० | ४००० वेर्ना |
| १२ | जिरीको साग | ग्रिन स्पान, ग्रिन वेभ | जेठ-श्रावण | ६०० | ४५ | ३० | ४००० ,, |
| १३ | तरवुजा | लक्ष्मी ७४७, लक्ष्मी ७६७ | | ५०० | २०० | १०० | २५० वोट |
| १४ | तितेकरेला | हरियो करेला | बैंशाख-जेठ | १५०० | १५० | १०० | १०० ग्राम |
| | | पाली | बैंशाख-जेठ | | १५० | १०० | १०० ग्राम |
| | | एन एस ४३३, हीरा | बैंशाख-जेठ | | १५० | १०० | १००ग्राम |
| १५ | पालुंगो | पाटने | बैंशाख-श्रावण | १००० | २० | २-३ | ५००-१०००, |
| | | हरिपत्ते | बैंशाख-श्रावण | | २० | २-३ | ५००-१०००, |
| १६ | प्याज | रेड क्रियोल | - | १५०० | १५ | १० | ५०० ,, |
| | | नासिक ५३ | - | | १५ | १० | ५०० ,, |
| | | सुपरेक्स | | १५०० | १५ | १० | ५०० ,, |
| १७ | फर्सी (स्क्वास) | असारे फर्सी | बैशाख-जेठ | १५०० | १०० | १०० | १०० ,, |
| | | ग्रे जुकिनी | बैशाख-जेठ | | १०० | १०० | १०० ,, |
| | | स्थानीय | बैशाख-जेठ | | २०० | २०० | १०० ,, |
| | | लङ् ग्रीन | जेठ-श्रावण | | २०० | १०० | १०० ,, |
| | | सनी हाउस | जेठ-श्रावण | | ९० | ९० | १०० ,, |
| | | सोण्डो भि | | | ९० | ९० | १०० ,, |
| १८ | वकुल्ला | स्थानीय | चैत्र-वैशाख | ६०० | ६० | ३० | ३००० ,, |
| १९ | बन्दा | सुपर ग्रिन | फाल्गुन-बैशाख | १००० | ६० | ४५ | १८०० वेर्ना २५ ग्राम, |
| | | सुपर कोरोनेट | जेठ-श्रावण | | ४५ | ३० | ३००० वेर्ना २५ ग्राम, |
| | | कोपन हेगनमार्केट | जेठ-श्रावण | | ६० | ४५ | १८०० वेर्ना २५ ग्राम,, |
| | | ग्रीन कोरोनेट, ग्रिन टप | जेठ-श्रावण | | ४० | ४० | ३००० वेर्ना १५ ग्राम, |
| | | जेनिथ,नेपा स्टार, नेपा ग्रीन | जेठ-श्रावण | | ४० | ४० | ३००० वेर्ना १५ ग्राम, |
| | | टी ६२१ | जेठ-श्रावण | | ४० | ४० | ३००० वेर्ना १५ ग्राम, |
| | | गोल्डेन वल | जेठ-श्रावण | | ४० | ४० | ३००० वेर्ना १५ ग्राम, |
| २० | बोडी | खुमल तने | चैत्र-बैशाख | ६०० | १२० | ३० | २००० ग्राम |
| | | सर्लाही तने | साउन-भाद्र | | १२० | ३० | २००० ,, |
| | | चन्द्रा ०४१ | | | ७० | ७० | १०००,, |
| | | यार्ड लंग | साउन-भाद्र | | ७० | ७० | १०००,, |
| | | मालेपाटन १ | साउन-भाद्र | | ३० | ३० | १५०० ग्राम |
| २१ | ब्रोकाउली | प्रिमियम क्रप | जेठ-श्रावण | ५०० | ६० | ४५ | ५-१० ,, |
| | | ग्रीन पिया | फागुन-बैशाख | | ४५ | ३० | ५-१० ,, |
| | | एभरेष्ट ग्रिन | जेठ-श्रावण | | ६० | ४५ | ५-१० ,, |
| | | साकुरा, सेन्ताउरो | जेठ-श्रावण | | ४५ | ३० | ५-१० ,, |

| क्र. सं. | बाली | जात | बिरुवा रोप्ने समय | कम्पोष्ट मल | बेर्ना लगाउने दूरी (से.मी) | | बीउ/बेर्ना दर (ग्राम वा संख्या) |
|---|---|---|---|---|---|---|---|
| | | | उच्च पहाड | | ड्याङ्ग × ड्याङ्ग | बोट×बोट | |
| २२ | भण्टा | नुर्कि | जेठ-श्रावण | १००० | ६० | ४५ | १८००-२००० बेर्ना (३० ग्राम) |
| | | एन.एस. ७९७ | जेठ-श्रावण | | ६० | ६० | १४००-१६०० बेर्ना (३० ग्राम) |
| | | अर्का केशव | जेठ-श्रावण | | ६० | ६० | १४००-१६००, (३० ग्राम) |
| | | सर्लाही ग्रीन | जेठ-श्रावण | | ६० | ४५ | १८००-२०००, (३० ग्राम) |
| | | पर्पल लंग | जेठ-श्रावण | | ६० | ४५ | १८००-२००० |
| | | लुकी | चैत्र-जेठ | | ६० | ४५ | १८००-२००० |
| २३ | भेडे खुर्सानी | क्यालिफोनिया वण्डर | जेठ-श्रावण | १५०० | ६० | ४५ | २००० बेर्ना (२५-३० ग्राम) |
| | | एन.एस. ६३२, सागर | जेठ-साउन | | ६० | ४५ | २००० बेर्ना |
| २४ | मूला | हवाईट नेक | जेठ-साउन | १००० | २० | २० | २५०-५०० ग्राम |
| | | मिनो अर्ली | जेठ-साउन | | २० | २० | २५०-५०० ग्राम |
| | | प्यूठाने रातो | जेठ-साउन | | २० | २० | २५०-५०० ग्राम |
| | | टोकीनासी | जेठ-साउन | | २० | २० | २५०-५०० ग्राम |
| | | ४० दिने | जेठ-साउन | | २० | २० | २५०-५०० ग्राम |
| | | ग्रीन नेक, ग्रिन वो | जेठ-साउन | | २० | २० | २५०-५०० ग्राम |
| २५ | मेथी | स्थानीय | फाल्गुन-वैशाख | ६०० | ३० | २-३ | ५००-१००० |
| | | कसुरी | फाल्गुन-वैशाख | | ३० | २-३ | ५००-१००० |
| | | पार्वती | बैशाख-जेठ | | ५० | ३० | ५००-१००० |
| | | अर्का अनामीका | बैशाख-जेठ | | ५० | ३० | ५००-१००० |
| २७ | रायो | खुमल चौडापात | फाल्गुनबैशाख | १००० | ४५ | ३० | १० ग्राम |
| | | ताङ्खुवा | जेठ-असार | | ५० | ५० | १० ग्राम |
| | | मार्फा चौडापात | फाल्गुन-बैशाख | | ४५ | ३० | १० ग्राम |
| | | खुमल रातोपात | फाल्गुन-बैशाख | | ४५ | ३० | १० ग्राम |
| २८ | लसुन | स्थानीय | बैशाख-जेठ | १५०० | १५ | १५ | २५०० |
| २९ | लौका | एन.एस. ४२१, कावेरी | | १५०० | २०० | २०० | ५०-१०० |
| | | अनमोल | वैशाख-जेठ | | २०० | २०० | ५०-१०० |
| ३० | सलगम | पर्पल टप | जेठ-साउन | १००० | ३० | ३० | १०० |
| | | काठमाण्डौ रातो | जेठ-साउन | | ३० | २० | १०० |
| ३१ | सिमी | त्रिशुली | चैत्र-वैशाख | ६०० | १२० | ५० | ५००-१००० |
| | | झार्गे सिमी १ | फाल्गुन-चैत्र | | १२० | ३० | २००० |
| | | एस-९ | फाल्गुन-चैत्र | | १२० | ५० | ५००-१००० |
| | | हिमाली राजमा | जेठ-असार | | ७० | ७० | ५००-१००० |
| | | चौमासे | चैत्र-बैंशाख | | १२० | ५० | ५००-१००० |
| | | एल.बी.३७ (झाँगे) | जेठ-असार | | ७० | ७० | ५००-१००० |
| | | मन्दिर | जेठ-असार | | ४५ | ३० | २००० |
| ३२ | स्वीसचार्ड | सुसाग | फाल्गुन-जेठ | ८०० | ४५ | ३० | १० |
| ३३ | सखरखण्ड | स्थानीय | जेठ-असार | १००० | ४५ | ४५ | २००० कटिङ्ग |
| | | जापानीज रातो | जेठ-असार | | ४५ | ४५ | २००० कटिङ्ग |
| ३४ | कुरिलो | मेरि वासिंटन ५०० | जेठ-श्रावण | १००० | १०० | ६० | ६०० बोट |
| ३५ | तरकारी भटमास | तरकारी भटमास १ | | ६०० | ३० | ३० | १ के.जि. |
| ३६ | पाकचोइ साग | चोको, टेस्टी ग्रीन | फाल्गुन-बैशाख | १००० | ३० | ३० | २० ग्राम |

## आलुखेती प्रविधि तालिका

| क्र. सं. | जात | समयावधि | | | मलखाद (के.जी./रोपनी) | | | | बीउ दर (के.जी./ रोपनी) | लगाउने दुरी (से.मी) | बाली तयार हुन लाग्ने दिन | उत्पादन मे ट./ रोपनी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च पहाड | मध्य पहाड | तराई, भित्री मधेस, बेंसी | कम्पोष्ट | डिपी.ए. | यूरिया | म्यूरेट अफ पोटास | | | | |
| १ | कुफिज्योती | फाल्गुन-चैत्र | पौष-माघ | | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १-१.२५ |
| २ | कुफ्रिसिन्दुरी | - | - | असोज-मंसिर | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | ११०-१३० | १.२५-१.५ |
| ३ | डिजिरे | - | पौष-माघ | असोज-मंसिर | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | ७०-९० | ०.७५-१ |
| ४ | जनकदेब | फाल्गुन-चैत्र | पौषमाघ- | - | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १.२५-१.५ |
| ५ | खुमल सेतो १ | - | पौष-माघ | - | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १.२५-१.५ |
| ६ | खुमलरातो २ | - | - | असोज-मंसिर | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १.२५-१.५ |
| ७ | खुमललक्ष्मी | फाल्गुन-चैत्र | पौष-माघ | असोज-मंसिर | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १-१.२५ |
| ८ | आईपीवाई ८ | | | असोज-मंसिर | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १.२५-१.५ |
| ९ | खुमल उज्वल | फाल्गुन-चैत्र | पौष-माघ | असोज-मंसिर | | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १-१.२५ |
| १० | खुमल उपहार | फाल्गुन-चैत्र | पौष-माघ | असोज-मंसिर | | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १-१.२५ |
| ११ | खुमलविकास | फाल्गुन-चैत्र | पौष -माघ | असोज-मंसिर | | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-११० | १-१.२५ |
| १२ | कार्डिनल | - | पौष -माघ | असोज-मंसिर | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | १००-१२० | १-१.२५ |
| १३ | एन.पि.आई १०६ | फाल्गुन-चैत्र | पौष -माघ | - | १५०० | ११ | ७ | ५ | ७५-१०० | ७०×२५ | ११०-१२० | १.२५-१.५ |

## हिमाली क्षेत्रमा मसला बाली उत्पादन प्रविधितालिका

| क्र. सं. | बाली | जात | उच्च पहाड | कम्पोष्ट (डोको/ रोपनी) | बोट × बोट | लाईन×लाईन | बेर्ना/वीउमात्रा/ रोपनी | बाली तयार हुन लाग्ने अवधी | उत्पादन केरोपनी/जी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | अलैंची | रामसाई | जेठ - श्रावण | ५०-६० | १.२-२.५ मि. | १.२-२.५ मि. | ६६७-१०४१ बेर्ना | तिन बर्ष | ३०-४० (सुख्खा) | ३ बेर्ना/खाडल (सिफारिस जात) |
| | | गोलसाई | ” | ” | १.२-२.५ मि. | १.२-२.५ मि. | ६६७-१०४१ बेर्ना | ” ” | ” ” | ” ” |
| | | डम्बरसाई | - | ” | १.२-२.५ मि. | १.२-२.५ मि. | ६६७-१०४१ बेर्ना | ” ” | ” ” | ” ” |
| | | साउने | जेठ - श्रावण | ” | १.२-२.५ मि. | १.२-२.५ मि. | ६६७-१०४१ बेर्ना | ” ” | ” ” | ” ” |
| २. | अदुवा | कपुरकोट अदुवा-१, कपुरकोट अदुवा-२ | फाल्गुन-चैत्र | ६०-७० | ३० | ३० | २२५-३०० के.जी. | ७-९ महिना | १०००-१५०० | (उन्मोचित जात) |
| ३. | बेसार | कपुरकोट हलेदो १, कपुरकोट हलेदो २ | चैत्र-बैशाख | ६०-७० | ३० | २५ | १००-१५० केजी. | ८-१० महिना | २०००-२२०० | (प्रचलित जात) |
| ४. | लसुन | चाईनिज | श्रावण | ८०-९० | २५ | २५ | ५० के. जी. | ९-१० महिना | १०००-१५०० | (प्रचलित जात) |
| ५. | लसुन | स्थानीय | असोज-कार्तिक | ५०-६० | १५ | ७-८ | २५-३० से. मि | ४-६ महिना | ६००-१००० | |

**संरक्षकः**
श्री बखत बहादुर खड्का (कार्यालय प्रमुख)

**सम्पादन मण्डल संयोजकः**
श्री धर्मेन्द्र अधिकारी (बाली संरक्षण अधिकृत)

**सम्पादन मण्डल सहयोगीः**
श्री निर्मल लामा (अर्गानिक कृषि अधिकृत)
श्री राजेश आचार्य (ब्लक विकास अधिकृत)
श्री चित्र बहादुर थापा (प्रा.स.)
श्री मिन बहादुर मल्ल (प्रा.स.)